नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(जनशक्ति योजना तथा विकास शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७९।८०

चलानी नं.:- ३७६

मितिः २०७९/१०/१६

विषयः- SEDP मा सहभागी मनोनयन गरी पठाउने सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको प.सं. PSTD-CIST, च.नं. ३४२/०७९/८०, मिति २०७९/१०/१३ को पत्रानुसार उक्त प्रतिष्ठानमा यही मिति २०७९ चैत्र महिनाको दोस्रो हप्तादेखि सञ्चालन हुने **Senior Executive Development Program (SEDP)** मा सहभागिताको लागि राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका अधिकृतहरु मनोनयन गरी पठाईदिनुहुन भनि लेखी आएकोले तहाँ वा अन्तर्गत कार्यरत उक्त तालिम लिन ईच्छुक राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहका कर्मचारीलाई ज्येष्ठताका आधारमा तोकिएको ढाँचा अनुसार विवरण खुलाई एवम् अद्यावधिक **PIS** विवरण समेत संलग्न गरी मिति **२०७९/११/१२ गते भित्र मनोनयन** गरी यस मन्त्रालयको ईमेल ठेगाना **hrd.moga@gmail.com** मार्फत समेत पठाउनुहुन यस मन्त्रालयको मिति २०७९/१०/१५ को निर्णयानुसार अनुरोध छ ।

नोटः *नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त पत्र यसै साथ संलग्न गरिएको छ । साथै, प्रशिक्षार्थी मनोनयन फाराम **https://bit.ly/nasc-form** बाट डाउनलोड गर्न सकिनेछ ।*

०७९।१०।१६

(सागर के.सी.)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः *वेबसाईटमा अपलोड गरिदिनुहुन ।*

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं. PSTD/CEST
च.नं. ३४२/०७९/८०

मितिः २०७९/१०/१३

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २८०६८
दर्ता मितिः- २०७९।१०।१३

**विषयः वरिष्ठ कार्यकारी विकास कार्यक्रम (SEDP) मा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूका लागि प्रतिष्ठानले सञ्चालन गर्दै आएको वरिष्ठ कार्यकारी विकास कार्यक्रम (Senior Executive Development Programme) आ.व. २०७९/८० को वार्षिक कार्ययोजना अनुसार मिति २०७९ भाद्र २३ गतेदेखि २०७९ चैत्र २ गतेसम्म सञ्चालन भइरहेको व्यहोरा अवगत नै छ । सहभागीहरूको माग एवं तहाँ मन्त्रालयसँगको छलफल र समन्वय बमोजिम प्रतिष्ठानले यसै आर्थिक वर्षमा थप एक वरिष्ठ कार्यकारी विकास कार्यक्रम (Senior Executive Development Programme) यही मिति २०७९ चैत्र महिनाको दोस्रो हप्तादेखि सञ्चालन गर्नेगरी तयारी भइरहेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु । उक्त कार्यक्रमका लागि जम्मा २५ जना नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको मनोनयन (प्रशिक्षार्थी मनोनयन फारम समेत) स्वीकृत गरी निजहरूको नामावली र सम्पर्क मोबाइल नम्बर सहितको विवरण मिति २०७९ फाल्गुण २३ गतेभित्र यस प्रतिष्ठानमा आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध गर्दछु ।

पुनश्चः प्रशिक्षार्थी मनोनयन फारम यस लिंक (https://bit.ly/nasc-form) बाट डाउनलोड गर्न सकिन्छ ।

(तुलसी शरण सिग्देल)
वरिष्ठ अध्ययन निर्देशक
मोबाइल नं. ९८४१३७७२७३

सचिवज्यूको कार्य कक्ष
५११
०७९।१०।१५


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं. २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O. Box: 2152, Ph No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administration Staff College, Audio Notice Board No. 1618-01-552202
Email: info@nasc.org.np, URL: www.nasc.org.np